# पाँचपोखरी थाङपाल गाउँकार्यपालिका बैठकको निर्णय पुस्तिका

## आ.व. २०८१/०८२

बैठक नं.- ७ बैठक मितिः- २०८१/०८/०५

बैठक स्थानः- गाउँपालिकाको सभाहल

आज मिति २०८१/०८/०५ गते यस पाँचपोखरी थाङपाल गाउँकार्यपालिकाका अध्यक्ष श्री टासी लामा ज्यू को अध्यक्षतामा कार्यपालिकाको बैठक बसी निम्न बमोजिमको विषयहरुमा छलफल गरी निर्णय गरियो ।

उपस्थितिः-

| सि.नं. | नम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री टासी लामा | अध्यक्ष | |
| २ | श्री सुनिता अधिकारी | उपाध्यक्ष | सुनिता |
| ३ | श्री आलोक कुमार स्याङ्वो | सदस्य | |
| ४ | श्री बाबुलाल स्याङ्वो | सदस्य | |
| ५ | श्री डिम्मा छिरिङ नामाङ | सदस्य | |
| ६ | ~~श्री कुल बहादुर बस्नेत~~ अंकमाया तामाङ | सदस्य का.वा. | |
| ७ | श्री कान्छे गोले | सदस्य | |
| ८ | श्री नारायण भट्टराई | सदस्य | |
| ९ | श्री मुके नामाङ | सदस्य | |
| १० | श्री विष्णु बहादुर खड्का | सदस्य | |
| ११ | श्री लक्ष्मी तामाङ | सदस्य | लक्ष्मी |
| १२ | श्री गीता तामाङ | सदस्य | |
| १३ | श्री लक्ष्मी नामाङ | सदस्य | |
| १४ | श्री कल्पना पण्डित | सदस्य | |
| १५ | श्री दामी शर्पा | सदस्य | |
| १६ | श्री बिमला विश्वकर्मा | सदस्य | |
| १७ | श्री लक्ष्मण कुइकेल | सचिव | |

स्थानीय सरकार
पाँचपोखरी थाङपाल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
थाङपालधाप, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल
२०७३

लक्ष्मण कुईकेल
प्रमुख प्रशासकिय अधिकृत

## पाँचपोखरी थाङपाल गाउँकार्यपालिका बैठकको निर्णय पुस्तिका

## आ.व. २०८१/०८२

बैठक नं.- ७ बैठक मितिः- २०८१/०८/०२

बैठक स्थानः- गाउँपालिकाको सभाहल

| सि.नं | प्रस्तावहरु | निर्णयहरु |
|---|---|---|
| १. | गत कार्यपालिकाको निर्णय समिक्षा सम्वन्धमा । | पाँचपोखरी थाङपाल गाउँपालिकाकाको मिति २०८१/०६/०७ गते भएको गाउँकार्यपालिकाको वैठकवाट भएका सवै निर्णयहरु कार्यन्वयनका सम्वन्धमा समिक्षा भएको सर्वसम्मत निर्णय गरियो । |
| २. | योजना सिफारिस सम्वन्धमा । | वागमती प्रदेश भौतिक पुर्वाधार विकास मन्त्रालय मन्त्रालयको प.सं. २०८१/०८२ च.नं. ४२१ मिति २०८१/०७/३० गतेको प्राप्त पत्रानुसार स्थानीय तहमा एकिकृत विकास कार्यक्रम अनुसार यस पाँचपोखरी थाङपाल गाउँपालिकाका तपशिल वमोजिमका योजना छनौट गरी पठाउने सर्वसम्मत निर्णय गरियो ।<br>तपशिल<br>१. पाँचपोखरी प्राथामिक अस्पताल संरक्षण रु. ५० लाख<br>२. भिमविद्याश्रम मावि पहिरो रोकथाम तथा संरक्षण वडा नं. १ रु. ५० लाख<br>३. माझिरुम्टी दनुवार सिम पहिरो रोकथाम तथा संरक्षण वडा नं. ७ रु. ५० लाख<br>४. भोताङ गुन्सा गोत्रे हुँदै - चौतारा सडक मर्मत संभार रु. ५० लाख<br>५. गाईपाईले गाउँपालिका केन्द्र सडक स्तरोउन्नती तथा ढलान रु. १ करोड |
| ३. | प्रधानमन्त्री रोजगार कार्यक्रम सम्वन्धमा । | क) प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तरगत आ.व. २०८०/०८१ का लागि वेरोजगार सुचीमा सुचीकृत हुनका लागि निवेदन दिने निवेदक मध्ये रोजगार व्यवस्थापन सूचना प्रणलीमा विवरण अध्यावधिक भई १७७२ जना वेरोजगार व्यक्तिको नामावली सूचीकृत भएको र सूचीकृत व्यक्तिको वडागत प्राथामीकताकों आधारमा रोजगारीमा खटाउन वडा कार्यालयलाई अनुरोध गर्ने निर्णय गरियो ।<br>ख) प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तरगत विश्व वैंक र नेपाल सरकारको श्रोतवाट खर्चहुने गरि रोजगारी सिर्जना शिर्षकमा प्राप्त भएको सशर्त अनुदान रकम तथा गाउँपालिकाले प्रधानमन्त्री रोजगार कार्यक्रमका लागि लागत साझेदारी शिर्षकमा विनियोजन गरेको रकम वडा स्तरमा दर्ता भएका वेरोजगार व्यक्तिको संख्याका आधारमा बाँडफाँड गर्न प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तरगतको स्थानीय निर्देशक समितिले शिफारीस गरे अनुसार रकम बाँडफाँड हुने गरि स्थानीय निर्देशक समितिको मिति २०८१।०७।०२निर्णय अनुमोदन गर्ने निर्णय गरियो ।<br>ग) प्रधानमन्त्री रोजगार कार्यक्रम, युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना अन्तरगत सञ्चालन गर्नुपर्ने कार्यस्थलमा आधारित सिप विकास तालिम अन्तरगत प्रधानमन्त्री रोजगार कार्यक्रमले तयार गरेको पाठ्यक्रमका आधारमा सडक मर्मत सम्भार सम्वन्धि तालिम सञ्चालन गर्ने निर्णय गरियो । साथै उक्त तालिम वडा नं. ४ र ५ लाई समेटेर एउटा समुहमा र वडा नं. ७ र ८ लाई समेटेर अर्को समुहमा गरि २ वटा समुहमा तालिम सञ्चालन गर्ने निर्णय गरियो । |

पाँचपोखरी थाङपाल गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, थाङपालधाप, सिन्धुपाल्चोक, वागमती प्रदेश, नेपाल २०७३

लक्ष्मण कइँकेल
प्रमुख प्रशासकिय अधिकृत

CamScanner

## पाँचपोखरी थाङपाल गाउँकार्यपालिका बैठकको निर्णय पुस्तिका

### आ.व. २०८१/०८२

**बैठक नं.- ७ बैठक मितिः- २०८१/०८/०२**

**बैठक स्थानः- गाउँपालिकाको सभाहल**

| | | |
|---|---|---|
| ४. | अस्थायी मोटरेवल पुल निर्माण सम्बन्धमा । | यस गाउँपालिकामा गत असाढ ३० गते र त्यसपछी आएको बाढीबाट अस्थायी मोटरेवल पुल पुर्ण रुपमा क्षति भई यातायत आवतजात गर्न पुर्ण बन्द भएकाले वडा नं. १ र २ मा जाने **इन्द्रावती अस्थायी पुल** निर्माणका लागि प्रदेश सरकार विपद् व्यवस्थापन कोषबाट प्राप्त शिर्षकबाट भुक्तानी हुने गरी रु. ३८२४००।- विनियोजन गर्ने सर्वसम्मत निर्णय गरियो । |
| ५. | गत आ.व. मा आर्थिक सहायता सम्बन्धमा भएको निर्णयको भुक्तानी दिने सम्बन्धमा । | पाँचपोखरी थाङपाल गाउँकार्यपालिकाले गत आ.व. २०८०/०८१ मा आर्थिक सहायताका लागि कार्यपालिकाबाट भएका निर्णय भएका र अध्यक्षज्युको तोक आदेशबाट भएको निर्णयहरु बजेट अभावका कारण भुक्तानी हुन नसकेकोले यस आर्थिक वर्षको आर्थिक सहायता शिर्षकबाट भुक्तानी दिने सर्वसम्मत निर्णय गरियो । |
| ६. | भुक्तानी सम्बन्धमा । | पाँचपोखरी थाङपाल गाउँपालिका वडा नं १ र २ मा बर्षातको समय सडक मर्मत संभार गर्नका लागि ५ औं कार्यपालिका बैठकबाट रु. ५ लाख ८ हजार विनियोजन भएकोमा प्राविधिक लागत स्टमेट अनुसार रकम अपुग भएकाले अपुग रकम रु. १ लाख ९२ हजार वन वातावरण विपद् तथा भुसंरक्षण व्यवस्थापन **अर्न्तगत विपद् व्यवस्थापनबाट** भुक्तानी दिने सर्वसम्मत निर्णय गरियो । |
| ७. | वडा नं. १ को रकमान्तर सम्बन्धमा । | पाँचपोखरी थाङपाल गाउँपालिका वडा नं. १ को मिति २०८१/०६/०१ को वडा कार्यालयको निर्णय नं. २ योजना रकमान्तर निर्णयलाई अनुमोदन गर्ने सर्वसम्मत निर्णय गरियो । |
| ८. | वडा नं. ७ को रकमान्तर सम्बन्धमा । | पाँचपोखरी थाङपाल गाउँपालिका वडा नं. ७ को मिति २०८१/०७/११ को वडा कार्यालयको विपद् व्यवस्थापन शिर्षकबाट तिपेनी भोटेनाम्लाङ गोव्रे मोटर बाटो खण्ड सरसफाई सम्बन्धी भएको निर्णयलाई अनुमोदन गर्ने सर्वसम्मत निर्णय गरियो । |
| ९. | विविध सम्बन्धमा । | १) सडक बोर्डको प.सं. २०८१/०८२ च.नं. ४३९ मिति २०८१/०६/१३ गतेको प्राप्त पत्रानुसार तपशिल बमोजिमको योजना तथा कार्यक्रम छनौट भएकाले उक्त योजनामा योजनामा साझेदारीका लागि गाउँपालिकामा प्राप्त भएको प्रदेश विपद् तर्फको रु. **५० लाख मध्येबाट** २० प्रतिशत ले हुन आउने रु. ४ लाख ६० हजार व्यहोर्ने सर्वसम्मत निर्णय गरियो ।<br>२) वडा नं. ५ को **सांस्कृतिक पुजाका लागि कार्यक्रम शिर्षकबाट** भुक्तानी हुने गरी रु. ५० हजार विनियोजन गर्ने सर्वसम्मत निर्णय गरियो ।<br>३) वडा नं. ७ मा निर्माणाधिन ढुलोढुङ्गा बुद्धमुर्ती निर्माणका क्रममा विजुलीको महशुल र कामदारलाई ओड्ने कपडा उपलब्ध गराउने सर्वसम्मत निर्णय गरियो ।<br>४) पाँचपोखरी थाङपाल गाउँपालिकास्तरीय अनुगमन समितिको सदस्यमा वडा नं. ७ का वडा अध्यक्ष सुके तामाङलाई मनोनयन गर्ने सर्वसम्मत निर्णय गरियो ।<br>५) यस पाँचपोखरी थाङपाल गाउँपालिकामा रहेका ४ वटा झुलुङ्गे पुलहरु मर्मत गर्ने र वडा नं. ७ र भोटेनाम्लाङ र वरुवा शेरावेसीमा तुइन व्यवस्थापन गर्ने सर्वसम्मत निर्णय गरियो । |

स्थानीय सरकार
पाँचपोखरी थाङपाल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
थाङपालधाप, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल
२०७३

लक्ष्मण कडेल
प्रमुख प्रशासकिय अधिकृत

**पाँचपोखरी थाङपाल गाउँकार्यपालिका बैठकको निर्णय पुस्तिका**

**आ.व. २०८१/०८२**

**बैठक नं.- ७   बैठक मितिः- २०८१/०८/०२**

**बैठक स्थानः- गाउँपालिकाको सभाहल**

| | | |
|---|---|---|
| | | ६) वडा नं. ६ चिन्डे बस्तीका लागि खानेपानी वर्षातका कारण क्षति भएकाले प्राविधिक स्टमेट अनुसार कार्य गर्ने सर्वसम्मत निर्णय गरियो ।<br>७) वडा नं. ८ मा रहेको लागर्चे खानेपानीको स्थलगत अध्ययन मर्मत गर्ने सर्वसम्मत निर्णय गरियो ।<br>८) मेलम्ची भोताङ सडक खण्ड वर्षातका कारण अवरुद्ध भई आवत जावत गर्न कठिन भएकोले बैकल्पिक रुपमा अर्न्तगत तिपेनी ड्याम साईडमा **पैदल बाटो निर्माणका लागि भएको रु. ३० हजार** भुक्तानी गर्ने सर्वसम्मत निर्णय गरियो ।<br>९) वडा नं. ६ मा रहेको **गोल्मेश्वरी खानेपानी रु. ६८ हजार** गाउँपालिका खानेपानी शिर्षकबाट भुक्तानी हुने गरी कार्य गर्ने सर्वसम्मत निर्णय गरियो ।<br>**१०)** पाँचपोखरी थाङपाल गाउँपालिका आ.व. ०८१/०८२ को गाउँसभाबाट आर्थिक सहायता कोषमा विनियोजन भएको रु १५ लाख मध्येबाट तपशिल बमोजिमका व्यक्तिलाई तपशिल बमोजिमको आर्थिक सहायता दिने सर्वसम्मत निर्णय गरियो ।<br>१. भुन्टे तामाङ वडा नं. ६ रु. २५ हजार<br>२. दिल बहादुर बयलकोटी वडा नं. ६ रु. १५ हजार<br>३. सुन वहादुर गोले वडा नं. ६ रु. १५ हजार<br>**११)** पाँचपोखरी थाङपाल गाउँपालिका वडा नं. २ को याङग्री सुनचौर गोरेटो बाटो मर्मत संभारका लागि वन वातावरण विपद् तथा भुसंरक्षण व्यवस्थापन अर्न्तगत विपद् व्यवस्थापन कोषबाट भुक्तानी हुने गरी रु. ९८ हजार विनियोजन गर्ने सर्वसम्मत निर्णय गरियो ।<br>१२) पाँचपोखरी थाङपाल गाउँपालिका वडा नं. ८ को तिपेनी कोट्ट गाउँ सडकको बाघखोर खण्डमा सडक सोलिङका लागि वन वातावरण विपद् तथा भुसंरक्षण व्यवस्थापन अर्न्तगत विपद् व्यवस्थापन कोषबाट भुक्तानी हुने गरी रु. ६० हजार विनियोजन गर्ने सर्वसम्मत निर्णय गरियो । |
| १०. | रकम विनियोजन सम्वन्धमा । | पाँचपोखरी थाङपाल गाउँपालिकाको वडा नं. ६ मा रहेको **हाँडीखोला गुफा डाँडा वत्तिसे फाँट सिंचाई कुलो मर्मत** संभारका लागि **कन्टीजेन्सीबाट** भुक्तानी हुने गरी रु. २ लाख विनियोजन गर्ने सर्वसम्मत निर्णय गरियो । |
| ११. | ज्यालादारीमा काम लगाउने सम्वन्धमा । | पाँचपोखरी थाङपाल गाउँपालिकाको वडा नं. ४ को थाङपालकोट स्वास्थ्य चौकीमा कार्यरत कार्यालय सहयोगी रामचन्द्र वस्नेत अवकास भएकाले तहाँ स्वास्थ्य चौकीमा तत्काल कार्य गर्नका लागी अति आवश्यक रहेकाले निज रामचन्द्र वस्नेतलाई दैनिक ज्यालादारी काममा लगाउने सर्वसम्मत निर्णय गरियो । |
| १२. | पर्यटन मार्ग सिफारिस गर्ने सम्वन्धमा । | पाँचपोखरी थाङपाल गाउँपालिकाको वडा नं. ३ मा रहेको प्रशिद्ध पर्यटकिय स्थल पाँचपोखरीमा जाने तपशिल बमोजिमका पर्यटन मार्गहरुलाई नेपाल सरकारको राजपत्रमा अंकित गर्नको लागि संघीय सरकारलाई सिफारिस गर्ने सर्वसम्मत निर्णय गरियो ।<br>१) मेलम्ची-तिपेनी-भोताङ-नोस्याम-पाँच पोखरी-लेडसिङ भ्याली-गाङछेम्पो पास<br>२) मेलम्ची - गुफाडाँडा-ओखेनी-च्योच्योडाँडा-नोस्याम-पाँचपोखरी<br>३) मेलम्ची-दुवाचौर-वाँसखर्क-याङग्री-लाखाङ-आमायाङग्री-ढुफु-ड्रागन गुफा- लेडसिङ भ्याली |

स्थानीय सरकार पाँचपोखरी थाङपाल गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय थाङपालधाप, सिन्धुपाल्चोक बागमती प्रदेश, नेपाल २०७३

लक्ष्मण कोईराला
प्रमुख प्रशासकिय अधिकृत

CS CamScanner